११२८)६८१

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ५७१/२०७२/०७३

निर्णय नं. ७४१

मन भण्डारी, नेपालगंज-१६ बाँके.................................. ...........................................१ उजुरीकर्ता

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला हुलाक कार्यालय, बाँके .................................. ...................१ विपक्षी

सूचना अधिकारी, जिल्ला हुलाक कार्यालय, बाँके ......... ..............................................१

विषय :-**माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।**

मन भण्डारी, नेपालगंज-१६ बाँकेले, जिल्ला हुलाक कार्यालय, बाँकेले सूचना प्रवाह गर्दा दस्तुर लिएको भनी यस आयोग समक्ष मिति २०७२।०५।०१ मा उजूरी गरेको । सो सम्बन्धमा आयोगको मिति २०७२।०७।१७ च.नं २२० को पत्रद्वारा सोधनी भए पश्चात उक्त जिल्ला हुलाक कार्यालय, बाँकेले मिति २०७२।०८।१०, च.नं. २४४, को पत्र मार्फत पुनरावेदकले दावी गरे अनुसार भुलबस लिएको बढी दस्तुर फिर्ता गरिने गरी निज उजुरीकर्तालाई पत्राचार गरी यस आयोगलाई समेत जानकारी गराईएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७२ साल चैत्र ११ गते रोज ५ शुभम् ।